लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुपन्देही

## नदिजन्य वन पैदावार लिलामको सुचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०६।३०

रुपन्देही जिल्ला देवदह नगरपालिका ५ र ६ अवस्थित श्री बुद्ध सामुदायिक वन उपभोक्ता समूह अन्तरगत आपगैरा खोलामा वन क्षेत्र भित्रका खोला/ खोल्सी व्यवस्थापन तथा नदिजन्य पदार्थ संकलन कार्य सञ्चालन गरिदा उत्पादन भई देवदह नगरपालिका वडा नं. ५ स्थित श्री बुद्ध सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दीमा रहेको नदिजन्य पदार्थ (गिट्टी वा ग्राभेल वा बोल्डर वा मस्कट) घाटगद्दीमा जेजस्तो अवस्थामा छ सोही अवस्थामा नियमानुसारको रकम (सकार रकम, संकलन खर्च, मु.अ. कर र अ.आ. कर) दाखिला गरी आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु परेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त र रीत पुगेका व्यवसायीले प्रथम पटम सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२औं दिन मा दिनको २ बजे भित्र खरिद गरेको निकायमा दाखिला गर्न सकिने ब्यहोरा सूचित गरिन्छ।

१. लिलाम हुने वन पैदावारको विवरण

| वन पैदावारको | | | | | मुल्याङ्कन रु | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रति ईकाई मुल्य | न्यूनतम | संकलन खर्च | |
| क्र.सं. | लट नं. | वन पैदावारको किसिम | ईकाई | परिमाण | | | | |
| १ | 01-RUPR-082.083 | नदिजन्य पदार्थ संकलन | घन फिट | १,४२,७७०.८४ | ९ | १२,८४,९३८ | ६,१९,७५३.०० | |

**२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-**

क. खरिद गर्ने अन्तिम मिति २०८२।०७।१९ गते बुधवार कार्यालय समय भित्र

ख. दाखिला गर्ने अन्तिम मिति २०८२।०७।२० गते बिहिवार दिनको २ बजे भित्र।

ख. बोलपत्र खोल्ने मिति २०८२।०७।२० गते शुक्रबार कार्यालय समय पश्चात (निर्देशनालय बाट बोलपत्र प्राप्त भए पश्चात).

**३.बोलपत्रः वन निर्देशनालय, बुटवल रुपन्देही र डिभिजन वन कार्यालय, रुपन्देहीवाट खरिद गरी दाखिला गर्न सकिने छ ।**

४.सिलवन्दी बोलपत्रसाथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी, प्रदेश लेखा नियन्त्रक कार्यालय,रुपन्देहीको नाममा रा.वा.बैंक बुटवलमा रहेको कार्यालय कोड नं.३२९०१४८०२५ धरौटी खाता नं.३१२००२०२०३०००० मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तिमा छ महिना (१८० दिन) अवधिको बैंक जमानत संलग्न हुनु पर्नेछ। नगद खामिइ फरक परेमा कार्यालय जवाफदेही हुने छैन ।

५.बोलपत्र फारम दस्तुर वापत नियमानुसार हुने रकम (फिर्ता नहुने) तिरी वन निर्देशनालय बुटवल रुपन्देही र यस कार्यालयवाट खरीद गरि खरीद गरेकै कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

६.लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दीमा गै हेर्न सकिने छ।

७. लिलाममा भाग लिन इच्छुक व्यवसायीले दर्ता गरिएको व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि कर चुक्ताको प्रमाण तथा सुचिकृत प्रमाणपत्र तथा प्रोपराईटर आफै उपस्थित हुन नसकेमा अख्तियारनामा पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

८. रितपूर्वक पर्न आएका बोलपत्रहरु वन निर्देशनालय, बुटवल रुपन्देहीवाट प्राप्त हुन आएपछि वोलपत्रदाता, निजका प्रतिनिधि वा अनुपस्थितिमा अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ ।

९. लिलाम स्विकृतीको जानकारी बोलपत्रमा डिभिजन वन कार्यालयको वेवसाईटमा प्रकासीत गरीने छ।जानकारी पाएको मितिले सकार गरेको रकम, नियमानुसार लाग्ने संकलन खर्च र कानुन बमोजिम तोकिएको अवधि भित्र रकम बुझाई जे जस्तो छ सोही अवस्थामा वन पैदावार उठाई लैजानु पर्नेछ ।

१०. सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेखु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

११. सिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी आफुले पेश गरेका अन्य बोलपत्रमा समेतको खाम्ने गरी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य सर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

१२. वोलपत्र, सिलवन्द गरी पेश गर्नुपर्नेछ र सिलवन्दी खाममा लट नम्वर ,पेश गर्ने फर्मको नाम, ठेगाना र मोवाईल नं (ईमेल ठेगाना भए सो समेत) उल्लेख गरी सम्वन्धित निकायलाई सम्वोधन गरेर डिभिजन वन कार्यालय रुपन्देहीको वनपैदावार लिलामको सिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनपर्नेछ ।

१३.वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, अधिकार प्राप्त अधिकारीमा निहीत रहने छ ।

१४.यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिमा प्रचलित ऐन, नीति नियम ,निर्देशिका अनुसार हुने छ । प्रिन्ट मिस्टेक भै अन्यथा भएको अवस्थामा नियमानुसार हुनेछ ।

१५.उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१६. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत २०८२ साल असोज ३० गते रोज ५ मा शुभम्

व्यवस्थापन शाखा

डिभिजनल वन अधिकृत

**यदुप्रसाद भट्ट**
*मनाङ, असोज २९ गते*

मनाङका किसान हाइब्रिड स्याउ खेतीतर्फ आकर्षित भएका छन्। उत्पादन राम्रो हुनुका साथै मनग्गे आम्दानी गर्न पाएपछि उनीहरू व्यावसायिक रूपमा स्याउ खेतीतर्फ लागेका हुन्।

सहज र छिटो उत्पादन तथा राम्रो प्रतिफल पाइने भएकाले अहिले घर घरमा हाइब्रिड स्याउ उत्पादनमा लागेको नार्सो गाउँपालिका–८, ताचैका सोलबहादुर गुरुङले बताउनुभयो। उहाँले भन्नुभयो, "रैथाने स्याउभन्दा बढी उत्पादन हुने र आम्दानी पनि वृद्धि हुने भएकाले हाइब्रिड स्याउ लगाएको छु। उत्पादन राम्रो छ। बजारमा पुऱ्याउन भने सडकका कारण समस्या छ।" रैथाने प्रजातिका स्याउका बिरुवा लगाएको चार/पाँच वर्षसम्म हुर्किन समय लाग्छ। "हाइब्रिड प्रजातिको स्याउको बिरुवा लगाएकै वर्षमा उत्पादन सुरु हुन्छ," उहाँले भन्नुभयो "यसले गर्दा लगाएकै वर्षदेखि आम्दानी हुने भएकाले पनि यसतर्फ किसानको आकर्षण बढ्दै गएको छ।"

यहाँ उत्पादित स्याउ टिपेर भदौको दोस्रो साताबाट बजारमा पुऱ्याउन थालिएको छ। माथिल्लो मनाङ, दानाक्यु, चामे, ताचैलगायत मनाङका विभिन्न स्थानमा उत्पादित स्याउ यतिबेला बजारमा पाउन सकिन्छ। विगतका वर्षमा रैथाने स्याउ उत्पादन, कृषि तथा पशुपन्छीपालनमा सीमित रहेका मनाङी अहिले हाइब्रिड स्याउ खेती गरी आय वृद्धि गर्न थालेका कृषि ज्ञान केन्द्रका प्रमुख मदन रेग्मीले बताउनुभयो। उहाँले भन्नुभयो, "हिजोआज मनाङमा कमै मात्रामा रैथाने प्रजातिका स्याउको खेती गरिएको छ। अधिकांश कृषक हाइब्रिड स्याउ खेतीतर्फ लागेका छन्।"

सहज रूपमा यहाँको स्याउ बजारमा पुऱ्याउन सके विदेशी स्याउको उपभोगमा कमी आउने उनीहरूको भनाइ छ। सडक सञ्जाल सहज नहुँदा यहाँका स्याउ फाममै कुहिएर खेर जाने गर्दछ। नेपालकै सबैभन्दा ठुलो स्याउ फार्म एग्रो मनाङ पनि मनाङमै छ।


व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

## डिभिजन वन कार्यालय, रुपन्देही
### नदीजन्य वन पैदावार लिलामको सूचना
**सूचना प्रकाशित मिति : २०८२।०६।३०**

डिभिजन वन कार्यालय रुपन्देहीको मिति २०८२।०६।२६ को निर्णयबाट १४२७७०.८४ घनफिट नदीजन्य पदार्थलाई १ वटा लट कायम गरी घाटगद्दीमा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्नुपरेकोले इच्छुक तथा रीत पुगेका व्यवसायीले तोकिएको कार्यालयबाट २१ दिनभित्र बोलपत्र खरिद गरी २२औँ दिनमा दिनको २ बजेभित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा सिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ। यसको विस्तृत सूचना कार्यालयको सूचना पाटीमा र कार्यालयको Website: dforupandehi.lumbini.gov.np तथा अन्य डिजिटल माध्यमबाट समेत लिन सकिने व्यहोरा जानकारी गराइन्छ।

**डिभिजनल वन अधिकृत**

यस कार्यालयबाट मिति २०८
बमोजिमको निर्माण कार्यको सम
ए. एनको दफा २७ (२) को प्रय

| सि. नं. | ठेक्का नं. |
|---|---|
| १ | NCB/DPOSARLAHI/ MADHUBANGOTHA/ REG/2082-83/01 |
| २ | NCB/DPOSARLAHI/ RAJGHAT/REG/2082-083/02 |




# लहानमा छब्बिस

# चोरी र ल